नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

पत्र संख्या : २०८२/८३

चलानी नं : १३८९

मितिः २०८२/१०/२६

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री कर्मचारी प्रशासन महाशाखा/शाखा,
मन्त्रालय/आयोग/सचिवालय/निकाय (सबै) ।

प्रस्तुत विषयमा यस मन्त्रालयका श्रीमान सचिवज्यूको उपस्थितिमा तहाँ मन्त्रालय/आयोग/सचिवालय/निकायका प्रशासन महाशाखा प्रमुखबीच कर्मचारी व्यवस्थापन र प्रशासन सुधारका विविध पक्षमा भएको छलफलका क्रममा प्राप्त निकायगत सुझावका आधारमा भएका निर्णयहरु यसै पत्रसाथ संलग्न राखी कार्यान्वयनका लागि पठाइएको बेहोरा निर्देशानुसार अनुरोध छ ।

(पिताम्बर सारु)
शाखा अधिकृत

बोधार्थः
श्री महाशाखाहरु (सबै),
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार।

मिति २०८२ साल माघ २३ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवको समुपस्थितीमा विभिन्न मन्त्रालय, आयोग तथा निकायका प्रशासन महाशाखा प्रमुखबीच भएको छलफल कार्यक्रममा कर्मचारी व्यवस्थापन र प्रशासन सुधारका विविध पक्षमा छलफल गरियो। छलफलका क्रममा निकायगत सुझाव प्राप्त भएको र सोको आधारमा तय भएका देहाए बमोजिमका विषय सम्बन्धित निकायमा कार्यान्वयनका लागि लेखी पठाउने निर्णय गरियो।

## क) सरुवा तथा काज सम्बन्धमाः

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारी सरुवा गर्दा सरुवा भई जाने निकायमा रिक्त दरबन्दी रहे/नरहेको यकिन गरेर मात्र सरुवाको प्रक्रिया अगाडि बढाउने।
- सरुवासँग सम्बन्धित विषयमा प्रशासकीय अदालतबाट भएका आदेश वा फैसलाको कार्यान्वयन गर्ने र फैसलाको प्रतिकूल हुने गरी निर्णय नगर्ने।
- सम्बन्धित मन्त्रालय वा निकायले कर्मचारी सरुवा वा पदस्थापना वा काजमा खटाउँदा प्रचलित कानूनको दफा उपदफा स्पष्ट किटान गरेर मात्र गर्ने। साथै कानूनमा अवधि तोकेको भए सो को किटान गरेर मात्र काजमा खटाउने।
- दरबन्दी भन्दा बढी कर्मचारी भएमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लिखित जानकारी गराउने। नियम विपरित कर्मचारी फाजिलमा नराख्ने।
- सरुवा भएका कर्मचारीको कानूनले तोकेको समयभित्रै रमाना दिने। समयमै रमाना दिन नसक्ने कारण भए सोको लिखित जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई गराउने।

चन्द्रकला पौडेल
सचिव

## ख) दरबन्दी सम्बन्धमाः

- सबै श्रेणीका स्वीकृत दरबन्दी र कार्यरत जनशक्तिको विवरण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ४५ दिन भित्र यकिन गर्ने।
- सबै सेवा संचालन गर्ने मन्त्रालयले आफू अन्तर्गत कार्यरत कर्मचारीको विवरण अद्यावधिक गर्ने। कर्मचारीलाई निश्चित समय दिई आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गर्न सूचना जारी गर्ने।
- सरुवा, बढुवा, रमाना र अवकाश जस्ता विषयहरू तत्काल प्रणालीमा प्रविष्ट गरी कर्मचारी अभिलेखलाई वस्तुनिष्ठ बनाउने ।

## ग) सरुवा सहमति सम्बन्धमाः

- ऐन तथा नियमावलीले तोकेको समय भन्दा बाहेकको समयमा सरुवा गर्दा वा काजमा खटाउदा अनिवार्य रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमति लिनुपर्ने। सहमति नलिई गरेको सरुवा वा खटाएको काज कानूनतः बदरभागी हुने।
- कानून बमोजिम खुलाउनु पर्ने सम्पूर्ण विवरण नखुलाई सहमति माग भएको अवस्थामा सहमति प्रदान गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाध्य नहुने।
- सम्बन्धित मन्त्रालय/निकायले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमति लिएर मात्र आयोजनाको दरबन्दीमा कर्मचारी काजमा खटाउने ।

## घ) विभागीय प्रमुखको सरुवा तथा पदस्थापन सहमति सम्बन्धमाः

- विभागीय प्रमुखको सरुवा तथा पदस्थापन कार्यक्षमता, अनुभव विषय विज्ञता र कार्यविशिष्टता सहितका निश्चित मापदण्ड र वस्तुनिष्ठ आधारमा मात्र गर्ने ।

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

- विभागीय प्रमुखको पदमा सरुवा वा पदस्थापना गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पूर्व सहमति लिएर मात्र गर्ने। सहमति नलिई गरिएको विभागीय प्रमुखको सरुवा र पदस्थापना कानून बमोजिम बदरभागी हुने।

**ङ) विशेष पद सृजना सम्बन्धमाः**

- विशेष पद सृजनाका विषयमा निजामती सेवा ऐन तथा नियमावली र संघीय मामिला तथा सामान्य प्रशसन मन्त्रालयले मिति २०८२।०५।०४ गते जारी गरेको विशेष पद सृजना सम्बन्धी पत्रमा उल्लेख भए अनुसार गर्ने।

**च) अख्तियारवालाको अधिकारको प्रयोग सम्बन्धमाः**

- मन्त्रालय/निकायले कर्मचारीलाई निजामती सेवाको पद बाहेक अन्य कुनै निकायमा केही समयको लागि काज पठाउने विषयमा ऐनले अख्तियारवालाले निर्णय गर्न सक्ने व्यवस्था गरेको हुँदा सोही अनुसार गर्ने।
- कानूनमा यस मन्त्रालयको सहमति माग गर्ने भनी स्पष्ट उल्लेख भएको विषयमा बाहेक सहमती माग नगर्ने।

**छ) बढुवा सम्बन्धमाः**

- सेवा समूह संचालन गर्ने मन्त्रालयलको सेवा सम्बन्धी नियमहरु समयानुकूल संशोधन गर्न संघीय मामिला तथा सामान्य प्रशसन मन्त्रालयले आवश्यक कानुनी र प्रशासनिक प्रकृया तत्काल अगाडि बढाउने।
- बढुवा प्रयोजनका लागि आवश्यक पर्ने तालिम कार्यक्रम विद्यमान तालिम प्रदायक निकाय मार्फत नै संचालन गर्ने गरी सेवा संचालन गर्ने मन्त्रालयले अध्ययन कार्य तत्काल अगाडी बढाउने र सो को जानकारी यस मन्त्रालयलाई दिने।
- विभिन्न सेवा/समूहको बढुवा प्रयोजनका लागि हासिल गरेको शैक्षिक योग्यताको सम्बद्धतामा देखिएको अस्पष्टता हटाइ एकरुपता कायम गर्न संघीय मामिला तथा

चन्द्रकला पौडेल
सचिव

सामान्य प्रशासन मन्त्रालयले आवश्यक एकीकृत मापदण्ड तयार गरी कार्यान्वयनका लागि सेवा समूह संचालन गर्ने मन्त्रालयमा लेखि पठाउने।

**ज) अस्थायी दरबन्दी सम्बन्धमा:**

- संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) का आधारमा मात्र अस्थायी दरबन्दी सिर्जना र नवीकरण गर्ने कार्यलाई पूर्ण पालना गर्ने । अस्थायी दरबन्दीमा कार्यरत कर्मचारीहरूको व्यवस्थापन प्रचलित कानुन बमोजिम पारदर्शी बनाउने ।

२०८२।१०।१४

**चन्द्रकला पौडेल**
**सचिव**